# माछापुच्छ्रे बैंक लिमिटेड

# प्रेस विज्ञप्ति

माछापुच्छ्रे बैंक लिमिटेडको सातौं बार्षिक साधारण सभा मिति २०६२ पौष २८ गते बिहिबारका दिन होटल फेवा प्रिन्स, पोखरामा बैंकका संचालक समितिका अध्यक्ष श्री सूर्य बहादुर के.सी.ज्यूको सभापतित्वमा सम्पन्न भयो ।

२०५४ साल फाल्गुण ४ गते श्री ५ को सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा अधिकृत पूँजी रु. १२ करोड र चुक्ता पुँजी रु. ८ करोड ४० लाख का साथ दर्ता भै २०५७ साल असोज १७ गतेबाट पश्चिमाञ्चलको पहिलो क्षेत्रीय बैंकको रुपमा बैंकिङ्ग कारोबार शुरु गरेको यस बैंकको हाल अधिकृत पूँजी रु. १ अरव र चुक्ता पूँजी रु. ५५ करोड रहेको छ भने २०६१ साल असोज १४ गते काठमाण्डौंमा कर्पोरेट कार्यालय तथा काठमाण्डौं शाखा कार्यालय खोली राष्ट्रिय स्तरको बैंकको रुपमा स्थापित हुन पुगेको छ । हाल यस बैकले प्रधान कार्यालय पोखरा तथा शाखा कार्यालयहरु दमौली, भैरहवा, बिरगंज, महेन्द्रपुल, रामबजार, बगर, बनेपा, जोमसोम र काठमाण्डौं गरी देशको बिभिन्न १० स्थानहरुबाट बैंकिङ्ग सेवा तथा सुविधाहरु उपलब्ध गराइरहेको छ ।

आ.व. २०६१/६२ मा बैंकले रु. ५ अरब ५९ करोड निक्षेप परिचालन र रु. ५ अरब १३ करोड कर्जा प्रवाह गरी रु. ८ करोड ४८ लाख खुद मुनाफा आर्जन गर्न सफल भएको छ । आ.व. २०६०/६१ को तुलनामा आ.व. २०६१/६२ मा निक्षेप परिचालन १०३ प्रतिशत, कर्जा प्रवाह १०२ प्रतिशत र खुद मुनाफामा ८२ प्रतिशतले बृद्धि हासिल गरेको छ ।

बैंकको कुल निष्कृय कर्जाको अंश गत आ.ब. २०५९/६० मा २.०८ प्रतिशत, आ.ब. २०६०/६१ मा ०.९८ प्रतिशत र गत आ.ब. २०६१/६२ मा ०.३९ प्रतिशत रहन गएकोछ । बैंकले आफ्नो निष्कृय कर्जाको अंशमा उल्लेखनीय नियन्त्रण कायम राख्न सफल भएको छ जसले बैंकको कर्जा तथा लगानीको गुणस्तर उच्च रहेको पुष्टि गर्दछ ।

२०६२ मंसिर मसान्त सम्ममा बैंकले रु. ६ अरव ४ करोड निक्षेप परिचालन र रु. ५ अरव ४८ करोड कर्जा प्रवाह गरेको छ ।

बैंकले आफ्ना ग्राहकहरुलाई कारोबार संचालनको शुरुवात देखि नै Any Where Banking को सुविधा प्रदान गरिरहेकोछ । बैंकले गत बर्ष देखि आफ्ना ग्राहकहरुको हित र सुविधालाई ध्यानमा राखी Internet Banking, Mobile Banking, Debit Card, POS, 365 Days Banking र सन्ध्याकालीन बैंकिङ्ग आदि सेवा तथा सुबिधाहरु प्रदान गरिरहेको छ ।

बैंकले सर्वसाधारणको वचत परिचालनलाई बढी प्रथमिकता दिई बिद्यमान रोयल वचत (Royal Savings) योजनालाई समिक्षा अवधिमा अझ प्रभावकारी बनाएको छ ।

उक्त समारोहमा बैंकका संचालक समितिका अध्यक्ष तथा समारोहमा सभापति श्री सूर्य बहादुर के.सी.ज्यूले बैक प्रति सदभाव राख्नु हुने सम्पुर्ण ग्राहक वर्ग, सम्वन्धित निकायहरु, पत्रकार बन्धुहरु तथा शेयरधनी महानुभावहरु र शुभेच्छुकहरुमा बैंकको तर्फबाट हार्दिक आभार व्यक्त गर्नु भयो ।

बैंकको उक्त साधारण सभामा छलफल तथा निर्णयको प्रस्तुत बिभिन्न ६ वटा प्रस्तावहरु रहेका थिए । प्रस्तुत ६ वटा प्रस्तावहरु मध्ये बिशेष प्रस्तावको रुपमा रहेको (क) बैंकको हाल रहेको जारी तथा चुक्ता पूँजी रु. ५५ करोडबाट बृद्धि गरी रु. ७१ करोड ५० लाख पुऱ्याउने, (ख) संचालक समितिले सिफारिस गरे बमोजिम प्रति १० शेयर बराबर ३ शेयरका दरले हकप्रद शेयर जारी गर्ने र (ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा २९ र ३० तथा कम्पनी अध्यादेश २०६२ अनुसार बैंकको प्रबन्धपत्र तथा नियमावली पारित गर्ने सम्बन्धी प्रस्ताव रहेका थिए । सभाले प्रस्तुत सबै प्रस्तावहरु सर्वसम्मतिले स्वीकृत गरेको छ ।

******